## रिब्दीकोट गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः १ रिब्दीकोट पुष २९, २०७७ साल संख्याः १**

**भाग – २**

## रिब्दीकोट गाउँपालिका

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम गाउँ सभाले बनाएको तल लेखिए बमोजिम कर्मचारीको तह तथा स्तरबृद्धि सम्बन्धमा व्यवस्था विधेयक सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## सार्वजनिक रिब्दीकोट गाउँपालिकाको कर्मचारीको तह तथा स्तरबृद्धि सम्बन्धमा व्यवस्था विधेयक २०७७

गाउँसभाबाट पारित मिति २०७७।०९।२९

प्रस्तावनाः

नेपालको संविधान, २०७७ र स्थानीय सरकार संचालन ऐन, २०७४ को व्यवस्थालाई समेत मध्येनजर गरी साविक स्थानीय निकायमा स्थायी रुपमा कार्यरत रही रिब्दीकोट गाउँपालिकामा समायोजित कर्मचारीको तह तथा स्तरबृद्धि सम्बन्धमा आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले रिब्दीकोट गाउँपालिकाको आठौ गाउँसभामा यो विधेयक प्रस्तुत गरिएको छ ।

परिच्छेद - १

प्रारम्भिक

(१) संक्षिप्त नाम र प्रारम्भ :

(१) यो ऐनको नाम“कर्मचारीको तह तथा स्तरबृद्धि सम्बन्धी ऐन २०७७” रहेको छ ।

(२) यो ऐनको प्रारम्भ राजपत्रमा प्रकाशन भएको मितिबाट लागु हुनेछ ।

(२) परिभाषा :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) “गाउँपालिका” भन्नाले रिब्दीकोट गाउँपालिकालाई सम्झनुपर्दछ ।

(ख) “कार्यालय” भन्नाले रिब्दीकोट गाउँपालिकाको कार्यालय सम्झनु पर्दछ । सो शब्दले वडा समितिको कार्यालय समेतलाई जनाउँदछ ।

(ग) “अध्यक्ष” भन्नाले रिब्दीकोट गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्दछ ।

(घ) “उपाध्यक्ष” भन्नाले रिब्दीकोट गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्दछ ।

(ङ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८४ बमोजिम नियुक्त गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ ।

(च) “स्थायी पद” भन्नाले गाउँपालिकाको गाउँसभाबाट स्वीकृत दरबन्दीका पदलाई सम्झनुपर्दछ ।

(छ) “प्रहरी” भन्नाले रिब्दीकोट गाउँपालिकाबाट नियुक्त गाउँ प्रहरी र बारुणयन्त्रका कर्मचारीलाई सम्झनुपर्दछ ।

(ज) “कार्यपालिका” भन्नाले रिब्दीकोट गाउँपालिकाको गाउँकार्यपालिकालाई सम्झनुपर्दछ ।

(झ) “गाउँसभा” भन्नाले रिब्दीकोट गाउँपालिकाको गाउँ सभालाई सम्झनुपर्दछ ।

(ञ) “कर्मचारी” भन्नाले साबिक स्थानीय निकाय (गा.वि.स, न.पा. र जि.वि.स) मा स्थायी नियुक्ति पाई कर्मचारी ऐन २०७५ बमोजिम स्थानीय तहमा समायोजन भएका कर्मचारी सम्झनु पर्दछ ।

(ट) “तोकिएको” वा“तोकिए बमोजिम” भन्नाले गाउँपालिकाको कार्यपालिकाले यस ऐन बमोजिम बनाएको नियमावली, कार्यविधि, निर्देशिका एवं समय समयमा कार्यपालिकाले निर्णय गरी तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ठ) “तह तथा स्तरबृद्धि” भन्नाले साबिक स्थानीय निकाय (गा.वि.स., न.पा र जि.बि.स.) लाई स्थायी नियुक्ति पाई कर्मचारी समायोजन ऐन २०७५ बमोजिम स्थानीय तहमा समायोजन भएका कर्मचारीहरुको तह तथा स्तरबृद्धि सम्झनु पर्दछ ।

## परिच्छेद - २

## तह तथा स्तरबृद्धि सम्बन्धमा

(३) तह तथा स्तर बृद्धि सम्बन्धी विशेष व्यवस्थाः

(१) साविक स्थानीय निकाय (गा.वि.स., न.पा. र जि.वि.स.) मा स्थायी नियुक्ति पाएका तथा कर्मचारी समायोजन ऐन, २०७५ अनुसार तह तथा स्तरबृद्धि नपाई रिब्दीकोट गाउँपालिकामा समायोजन भएका कर्मचारीहरु मध्ये श्रेणी बिहिन कर्मचारीको हकम पाँच वर्ष सेवा अवधि र अन्य कर्मचारीको हकमा दश वर्ष सेवा अवधि पूरा गरेका तथा बढुवा हुने पद भन्दा एक तह मुनिको पदको लागि आवश्यक शैक्षिक योग्यता भएका, विभागिय कारबाहीमा नपरेका र सहायक पाँचौ वा सो

भन्दा माथिल्लो पदहरुमा कार्यरत कर्मचारीको हकमा आफ" बहाल रहेको पदको पछिल्लो पाँच वर्षको कार्य सम्पादन मूल्यांकनमा कम्तीमा औषत ९५ प्रतिशत अंक प्राप्त गरेको र सो भन्दा तल्लो पदहरुमा कार्यरत कर्मचारीको हकमा पछिल्लो ३ वर्षको कार्यसम्पादन मूल्यांकनमा कम्तीमा औषत ९५ प्रतिशत अंक प्राप्त गरेका स्थायी कर्मचारीहरुलाई ऐन जारी भए पछि एक पटकको लागि मात्र तह तथा स्तरबृद्धि सम्बन्धी विशेष व्यवस्था गरी एक तह तथा स्तर माथिको पदमा तह तथा स्तरबृद्धि गरिनेछ ।

(४) तह तथा स्तरबृद्धिको प्रक्रिया दफा (८) बमोजिमको समितिले तत्काल अघि बढाउने छ ।

(५) तह बृद्धि तथा स्तर बृद्धिको लागि सेवा गणना गर्दा सोको लागि दरखास्त दिने अन्तिम दिन सम्मको अवधिलाई गणना गरिनेछ ।

(६) यस ऐन बमोजिम हुने तह तथा स्तरबृद्धिको लागि आवेदन फाराम भरी दर्ता गराउनका लागि ७ (सात) दिनको म्याद दिई गाउँ कार्यपालिकाको कार्यालयमा सूचना प्रकाशन गरिनेछ ।

(७) उपदफा ४ बमोजिम प्राप्त हुन आएका आवेदकहरुको दरखास्त मध्येबाट मूल्यांकन गरी ३० दिन भित्र दफा ८ बमोजिमको समितिले तह तथा स्तरबृद्धिको लागि सिफारिश गर्नु पर्नेछ ।

## परिच्छेद - ३

## तह तथा स्तरबृद्धि सम्बन्धी व्यवस्था

(८) तह बृद्धिका लागि समिति गठन सम्बन्धी व्यवस्था :

(१) यस ऐन बमोजिम कर्मचारीको तह र स्तरबृद्धि गर्न

देहाय बमोजिमको एक समिति रहनेछ।

क. प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कम्तीमा नवौं तहको अधिकृत - संयोजक

ख. अध्यक्षले तोकेको अधिकृत स्तरको कर्मचारी एक जना - सदस्य

ग. प्रशासन शाखाको प्रमुख - सदस्य सचिव

(९) जेष्ठता निर्धारणको आधार :

(१) तह वा स्तरबृद्धि हुने कर्मचारीको जेष्ठता निर्धारण गर्दा जुन तह तथा स्तरमा बृद्धि हुने हो उक्त तह तथा स्तर भन्दा एक तह तथा स्तर मुनिको तह वा स्तरमा नियुक्ति वा बढुवा भएको निर्णय मितिलाई आधार मानिनेछ।

(१०) पदस्थापना सम्बन्धी व्यवस्था :

यस ऐन बमोजिम तह तथा स्तरबृद्धि भएका कर्मचारीहरुको मिल्दो सेवा समूहको पदमा प्रमुख प्रशासकीय अधिकृतबाट पदस्थापना गर्नुपर्नेछ। यस ऐन बमोजिम तह तथा स्तरबृद्धि भएको कर्मचारीले जुनसुकै कारणबाट अवकाश पाएका तह तथा स्तर बृद्धि हुनु अघिको तह तथा स्तरको पदको दरबन्दी कायम हुनेछ।

(११) खारेजी र बचाउ यस भन्दा अगावै कर्मचारी समायोजन ऐन २०७५ अनुसार समायोजन भएका अन्य सेवाका कर्मचारीहरु यसै ऐन बमोजिम भए गरेका मानिनेछ।

आज्ञाले

प्रेमचन्द्र अर्याल

प्रमुख प्रशासकीय अधिकृत